आज मिति २०८२ साल जेठ महिनाको ८ गतेका बिहानको ८:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८१/८२ को तेहौं बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | ध्रुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | रण बहादुर खड्का | ३ नं.वडा का.वा. अध्यक्ष |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | मोहन वि.सी. | शिक्षा अधिकृत |
| | दामोदर उपाध्या | का.स. |
| | अशोक जि.सी | इन्जिनियर |

विकास के.सी.
...कीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/१/५ गते बसेको बाह्रौं बैठकबाट बागदुला मच्छी सडक स्तरउन्नती (बतासेडाँडा-मच्छी खण्ड), को BOQ मा समावेश भएका कुन कुन आईटम हेरफेर गरी रकमान्तर गर्न मिल्छ मिल्दैन यदि मिल्छ भने के कुन आधारमा मिल्ने हो Quantity Variation स्वीकृत गर्नुपूर्व टिप्पणी सहित प्रमुख प्रशासकीय अधिकृतलाई लिखित जानकारी गराउने भन्ने निर्णय भएकोमा पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट लिखित जानकारी पेश भएको, आ.व. २०८२ ८३ को लागि समपुरक अनुदान र विशेष अनुदानतर्फ लुम्बिनी प्रदेश सरकार, योजना आयोगमा माग गर्न प्रस्ताव पेस गर्ने निर्णय वमोजिम समयमा नै सम्वन्धित निकायमा माग गरिएको, संघीय शर्सत अनुदानको रुपमा पारिश्रमिक उपलब्ध गराउने गरी झिमरुक गाउँपालिकाका विभिन्न स्वास्थ्य संस्थाहरुको दरवन्दीमा करार सेवामा नियुक्त भएका कर्मचारीहरुको स्केल अनुसारको पारिश्रमिक उपलब्ध गराउने निर्णय गरिएकोमा सो बमोजिम २०८१ साल बैशाख महिनादेखिको स्केल अनुसारको पारिश्रमिक उपलब्ध गराउने काम प्रक्रियामा रहेको,गौमुखी गाउँपालिका र झिमरुक गाउँपालिकाका सेवाग्राहीहरुलाई पायक पर्ने स्थान झिमरुक -५, मच्छी क्षेत्रमा ईलाका प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालय सहितको इलाका प्रशासन कार्यालय स्थापना तथा सञ्चालनको लागि नेपाल सरकार गृह मन्त्रालयमा माग गर्ने निर्णय अनुसार सम्वन्धित मन्त्रालयहरुमा माग गरिएको, गाडी भाडामा लिने निर्णय बमोजिम सूचना प्रकाशन गरिएकोमा पहिलो र दोस्रो सूचनाबाट कुनै पनि फर्म,व्यक्तिहरुको दरभाउ पत्र पेस नभएको हुँदा पुनः तेस्रो पटक सूचना प्रकाशन गरिएको, विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएकोमा आर्थिक सहयोग उपलब्ध गराईदै आएको, आयोजनाहरुमा वजेटको सुनिश्चितता नभएको तर तत्काल निर्माण तथा मर्मत गर्नु पर्ने भएको हुँदा स्रोतको सुनिश्चितता गरिएकोले उक्त आयोजनाहरुको निर्माण तथा मर्मतको काम अगाडि बढेको, फोहोरमैला व्यवस्थापन गर्ने उपयुक्त स्थान नभएको कारण समस्या भएकोले झिमरुक गाउँपालिका बजार क्षेत्र भएका वडाहरुले उपयुक्त स्थानको पहिचान गरी फोहोर व्यवस्थापन गर्नको लागि स्थानको अवस्थिती सहित वडा समितिबाट निर्णय पश्चात पूर्वाधार व्यवस्थापनको काम अगाडि बढाउने निर्णय भएकोमा हालसम्म कुनै वडाबाट सोको जानकारी नभएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ आ.व. २०८२/८३ को नीति कार्यक्रम तथा वजेट निर्माणमा सुझाव संकलन गर्ने सम्वन्धमा**

**निर्णय नं २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रत्येक आगामि आ.व.को नीति तथा कार्यक्रम चालु आ.व.को असार १० गते भित्र गाउँसभाको बैठकमा पेस गर्ने कानुनी व्यवस्था भएको हुँदा आ.व. २०८२/८३ को नीति कार्यक्रम तथा वजेट निर्माण कार्यको लागि झिमरुकबासी तथा सरोकारवालाहरुको राय सुझाव संकलनको लागि सार्वजनकि सूचना जारी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.३ आ.व. २०८२/८३ को लागि प्राप्त हुने बजेट सम्वन्धमा ।**

**निर्णय नं ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा विभिन्न शीर्षकमा आ.व. २०८२/८३ को लागि संघीय सरकार,लुम्बिनी प्रदेश सरकार र आन्तरिक आम्दानी समेत गरी गाउँपालिकालाई प्राप्त हुने वजेटको विषयमा गाउँ कार्यपालिका पदाधिकारीहरुलाई जानकारी भएको हुँदा सोही वजेटको सीमा भित्र रही योजना तथा कार्यक्रमहरु तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धमा ।**

**निर्णय नं ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ मा व्यवस्था भए बमोजिम गठन भएको बजेट तथा कार्यक्रम तर्जुमा समितिले आ.व. २०८२/८३ को लागि वडा समिति ,विषयगत समिति लगायतबाट आएका योजना तथा कार्यक्रमहरुलाई एकिकृत गरी मिति २०८२ जेठ मसान्त भित्र प्राथमिकताक्रम निर्धारण गर्दै अन्तिम रुप दिई गाउँ कार्यपालिकाको बैठकमा पेस गर्न जिम्मा दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ विषयगत शाखा/एकाइले पेस गर्ने प्रस्तावित कार्यक्रम सम्वन्धमा ।**

**निर्णय नं ५**

प्रस्ताव नं ५ माथि छलफल गर्दा चालु आ.व. २०८१/८२ को लागि स्वीकृत भएको विषयगत शाखा/एकाईका योजना तथा कार्यक्रमहरु हालसम्म के कति सम्पन्न भए ? आगामी आ.व. २०८२/८३ मा अनिवार्य दायित्व सृजना भई वचत हुने सिमित वजेटबाट के कस्ता योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ विषयगत समितिहरुको बैठक बसी योजना तथा कार्यक्रमहरुको प्रस्ताव पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ बस्तितहका योजना छनोट सम्बन्धमा ।**

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.व. २०८२/८३ मा अनिवार्य दायित्व सृजना हुने र भएका शीर्षकहरुमा बजेट छुट्याउदा वचत हुने सिमित वजेटबाट बस्तितहका योजनाहरु थोरै संख्यामा कार्यान्वयन गर्न सकिने अवस्था रहेको हुँदा आ.व. २०८२/८३ मा बस्तिस्तरबाट आयोजना छनौट गर्दा साविकका वडाहरुबाट वढीमा २/२ बटा योजनाहरु पर्ने गरी अत्यन्तै आवश्यकता रहेका योजनाहरुलाई पहिलो प्राथमिकता दिई वडा समितिबाट निर्णय गराई मिति २०८२ साल जेठ २० गतेभित्र गाउँपालिकामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ गाडी मर्मतको रकम भुक्तानी सम्वन्धमा ।**

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको कार्यालयको नाममा रहेको वा.२ झ. ४५४६ नं.को महेन्द्रा स्कारपियो जिप आ.व. २०८१/८२ को साउन महिनादेखि मिति २०८२ साल जेठ ४ गतेसम्म मर्मत गर्दा भएको खर्च विभिन्न मोटरपाट्सहरुलाई भुक्तानी दिन बाँकी रहेकोले रु ८,४१,५३४। नियमानुसार भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो

**प्रस्ताव नं. ८ कक्षा थपको अनुमति सम्वन्धमा ।**

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा निर्णय गर्दा गाउँ शिक्षा समितिको मिति २०८२/२/४ गते बसेका बैठकको निर्णय अनुसार तपसिल बमोजिमका विद्यालयहरुलाई निम्न अनुसारको कक्षा थपको लागि अनुमति दिन सिफारिस गरेको हुँदा कक्षा थपको लागि अनुमति प्रदान गर्ने सर्वसम्वत निर्णय गरियो ।

तपसिल

| क.स | विद्यालयहरुको नाम | ठेगाना | थप गर्नुपर्ने कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | बालज्योति ने.रा.आ.वि | झिमरुक-३, कुटेडाँडा | कक्षा-८ | |
| २ | मोर्डन ईङ्गिलस बोर्डिङ्ग स्कूल | झिमरुक-५, ओखरकोट | कक्षा-२ | |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ९ ब्याक हु लोडरको इन्धन, मर्मत र इन्धन(कार्यालय प्रयोजन)को खर्च सम्बन्धमा ।**

**निर्णय नं. ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा भिमरुक गाउँपालिकाको नाममा रहेको ब्याहु लोडरको इन्धन, मर्मत र कार्यालय प्रयोजनाको लागि विनियोजन भएको ईन्धन बापतको बजेट रकम अपुग भई खर्च भुक्तानी गर्न कठिनाई भएको हुँदा तपसिल वमोजिमको बजेट शीर्षकबाट बजेट रकमान्तर गरी ब्याक हु लोडर इन्धन, मर्मत र इन्धन (कार्यालय प्रयोजन) को खर्च भुक्तानी गर्ने निर्णय गरियो र ब्याहु लोडर सञ्चालन तथा व्यवस्थापन समितिबाट आ.व. २०८१/८२ को हालसम्मको ब्याहुलोडरबाट भएको आम्दानी तथा खर्च प्राप्त नभएको हुँदा १ हप्ताभित्र गाउँपालिकामा पेस गर्न समितिलाई जिम्मा दिने निर्णय गरियो । साथै ब्याहु लोडरको वकेटमा र अन्य सामाग्रीहरु मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | कार्यक्रम शीर्षक | बजेट रकम रु | बजेट स्रोत |
|---|---|---|---|
| १. | ब्याक हु लोडरको इन्धन | ५०००००। | पदाधिकारीहरु बैठक भत्ता |
| २. | ब्याक हु लोडरको मर्मत | ३०००००। | कार्यालयको लागि आवश्यक छपाई |
| | | २०००००। | कार्यक्रम सम्वन्धी खर्च |
| ३. | इन्धन (कार्यालय प्रयोजन) | ८०००००। | जोखिम भत्ता |

**प्रस्ताव नं. १० आयोजनाहरुको लागि रकम व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा भिमरुक गाउँपालिका अन्तर्गत रहेका तपसिल वमोजिमका योजना/आयोजनाहरुको निर्माण तथा मर्मत कार्य तत्काल गर्नु पर्ने भएको र कतिपय योजनाहरुको गाउँ कार्यपालिकाको बैठकको निर्णय अनुसार निर्माण कार्य सम्पन्न भई स्रोतको सुनिश्चितता नभएको हुँदा तपसिल वमोजिमका साविकका योजना/कार्यक्रमहरुबाट संशोधित योजना/कार्यक्रमहरुमा बजेट रकमान्तर तथा स्रोतको सुनिश्चित गरी तत्काल निर्माण तथा मर्मतको कार्य अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | संशोधित योजना/कार्यक्रमको नाम | ठेगाना | बजेट रकम | साविकका योजना तथा कार्यक्रमको नाम |
|---|---|---|---|---|
| १ | नव्वे कुसुण्डे सिंचाई कुलो निर्माण योजना | भिमरुक-३ | १००००० | म्याचिङ्ग फण्ड |
| २ | पिपलटारी सिंचाई कुलो निर्माण योजना | भिमरुक-४ | २५००० | म्याचिङ्ग फण्ड |
| ३ | दिपेन्द्र प्रा.वि. शौचालय मर्मत योजना | भिमरुक-१ | १००००० | म्याचिङ्ग फण्ड |
| ४ | दिपेन्द्र प्रा.वि. भवन मर्मत योजना | भिमरुक-४ | २५००००। | म्याचिङ्ग फण्ड |
| ५ | ग्वारी सिम सिचाई कुलो निर्माण योजना | भिमरुक-१ | ४९००० | म्याचिङ्ग फण्ड |
| ६ | भैसिखोला गौराडाडा सिंचाईकुलो निर्माण योजना | भिमरुक-३ | ४९००० | म्याचिङ्ग फण्ड |
| ७ | राजुका रुखदेखि अठारमुरेसम्म सिंचाई कुलो निर्माण योजना | भिमरुक-३ | ४९००० | म्याचिङ्ग फण्ड |
| ८ | डिही चिलाउनेपाटा कपिलपाटा सिंचाई कुलो मर्मत | भिमरुक-१ | ४९००० | म्याचिङ्ग फण्ड |
| ९ | खड्गमन्दिर कोट विश्रामस्थल (सिढी) मर्मत तथा निर्माण योजना | भिमरुक-३,५ | १००००० | म्याचिङ्ग फण्ड |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| १० | जन विकास आ.वि. रंगरोगन योजना | झिमरुक-१ | १५०००० | म्याचिङ फण्ड |
| ११ | बालशिक्षा मा.वि. मञ्च निर्माण योजना | झिमरुक-५ | २७५००० | म्याचिङ फण्ड |
| १२ | बरबाङ,चिसाबाङ,कुटिचौर सिचाइ कुलो मर्मत | झिमरुक-६ | १००००० | म्याचिङ फण्ड |
| १३ | बेओरे समलधारा नाली व्यवस्थापन योजना | झिमरुक-३ | ४९००० | म्याचिङ फण्ड |
| १४ | विश्वज्योति प्रा.वि. कक्षा कोठा पार्टेशन योजना | झिमरुक-२ | १५०००० | म्याचिङ फण्ड |
| १५ | चिसाबाङ झो.पुल रकम व्यवस्थापन | झिमरुक-६ | ७३९००० | म्याचिङ फण्ड |
| १६ | कुताखोला बस्ति संरक्षण योजना | झिमरुक-७ | १००००० | म्याचिङ फण्ड |
| १७ | ने.रा. मा.वि. मर्काबाङ फिल्ड व्यवस्थापन योजना | झिमरुक-६ | ५०००० | म्याचिङ फण्ड |
| १८ | जनचाहाना प्रा.वि. शौचालय मर्मत योजना | झिमरुक-१ | ४९००० | म्याचिङ फण्ड |
| १९ | बलभद्र मा.वि. झ्याल ढोका मर्मत योजना | झिमरुक-२ | १००००० | म्याचिङ फण्ड |
| २० | सत्य मा.वि. भवन संरक्षण योजना | झिमरुक-७ | २००००० | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान |
| २१ | ओखरकोट स्वास्थ्य ईकाइ शौचालय खाडल निर्माण तथा मर्मत योजना | झिमरुक-५ | १५०००० | ~~म्याचिङ फण्ड~~ जोखिम भत्ता |
| २२ | ने.रा. मा.वि. हिरापोखरी भवन झ्याल ढोका मर्मत योजना | झिमरुक-५, | १५०००० | ~~म्याचिङ फण्ड~~ जोखिम भत्ता |
| २३ | अमर सिंह मा.वि.भवन सिढी तथा रेलिङ निर्माण योजना | झिमरुक-१ | ७५००० | म्याचिङ फण्ड |
| २४ | प्रभात मा.वि. भवन मर्मत योजना | झिमरुक-३ | १५०००० | म्याचिङ फण्ड |
| २५ | ढाड बाँदिकोट मोटरबाटो अन्तर्गत हुङ्गाडखोला बाँदिखोला खण्ड मोटरबाटो मर्मत | झिमरुक-५ | १७००००० | म्याचिङ फण्ड |
| २६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भौतिक संरचना निर्माण तथा मर्मत योजना | झिमरुक-८ | १२०००० | म्याचिङ फण्ड |
| २७ | ढाडफेदी पैरीखोला सिंचाई कुलो निर्माण योजना | झिमरुक-१ | ४९००० | म्याचिङ फण्ड |
| २८ | साउनेपानी पैरो नियन्त्रण योजना | झिमरुक-४ | ४९००० | म्याचिङ फण्ड |
| २९ | न्याउरेखोलामा फलामे पुल निर्माण योजना | झिमरुक-४ | १०५००० | म्याचिङ फण्ड |
| ३० | चुधारा फेदी बास्टारी हुराना मो.वा. अन्तर्गत चुधरी खोलामा पलामे पुल निर्माण योजना | झिमरुक-४ | ११०००० | म्याचिङ फण्ड |
| ३१ | अठारभुरे सिंचाई कुलो मर्मत योजना | झिमरुक-३ | १००००० | म्याचिङ फण्ड |
| ३२ | म्यागुते ट्रस पुलदेखि मच्छी खहरे सडकसम्म घोडेटो बाटो निर्माण | झिमरुक-५ | १००००० | म्याचिङ फण्ड |
| ३३ | खल्पोखरी पाडेमेला दोहोरे विसौना मो.वा. निर्माण | झिमरुक-८ | ५००००० | म्याचिङ फण्ड |
| ३४ | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान | गा.पा. | १५०००० | सूचना अधिकारीहरुको लागि अभिमुखीकरण कार्यक्रम |
| | | | ५०००० | शुसाशन तथा सावजनिक सेवा प्रवाह सम्बन्धी कार्यक्रम |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ११ आर्थिक सहायता सम्वन्धमा ।**

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा माथि छलफल गर्दा तपसिल बमोजिमका संस्था तथा व्यक्तिहरुले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | आर्थिक सहयोग माग गर्ने संस्था/व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | झिमरुक-५,मच्छी निवासी नवराज पोखेलको कान्तिपुर विनायक होटलमा आगलागी भई क्षेती भएकोले आर्थिक सहयोग उपलब्ध गराउने सम्वन्धी निवेदन अनुसार | निवेदकको झिमरुक-५, मच्छीमा रहेको कान्तिपुर विनायक होटलमा मिति २०८२/२/३ गते विद्युत तार सर्ट भई आगोलागी भएको हुँदा आर्थिक सहयोग | ३५,०००। | आर्थिक सहायता |
| २ | ओखरकोट पर्यटन एवं ग्रामिण विकास सेवा समिति,प्युठानको मिति २०८२/१/१२ गतेको सहयोग सम्वन्धी निवेदन अनुसार | मिति २०८२/२/२ गतेदेखि ६ गतेसम्म सेवा समितिको आयोजनामा जिल्लाको पर्यटन प्रर्वद्धनमा प्रचार प्रसार गर्न विभिन्न साहित्यकारहरुको **साहित्यिक पदयात्रा** कार्यक्रम सफल वनाउन आर्थिक सहयोग | २५,०००। | आर्थिक सहायता |

**प्रस्ताव नं. १२ विविध सम्वन्धमा ।**

**विविध (क) दिर्घ रोगीहरुको औषधी उपचार खर्च रकम सम्वन्धमा ।**

**निर्णय नं. १२ ( क )**

प्रस्ताव नं १२ (क)माथि छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र स्थायी वसोवास गर्ने मृगौला प्रत्यारोपण गरेका, डाईलाईसिस गराईरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका विरामीहरुलाई औषधी उपचार खर्च वापत मासिक रु ५ हजारका दरले उपलब्ध गराउने रकम संघीय सरकारवाट निकासा हुन ढिलाई भएको कारण दिर्घ रोगीहरुलाई औषधी उपचार खर्च वापतको मासिक रु ५ हजार उपलब्ध गराउन समस्या भएको हुँदा निकासा भए पश्चात सोध भर्ना गर्ने गरी विविध खर्च खातामा रहेको रु ६,००,०००। बाट दिर्घ रोगीहरुको औषधी उपचार खर्च रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विविध (ख) योजनाको भेरिएशन अर्डर सम्बन्धमा ।**

**निर्णय नं. १२ (ख)**

प्रस्ताव नं १२(ख)माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व.२०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडांडा-मच्छी खण्ड), ठेक्का नं JRM/NCB/WORKS/०३/२०८१/०८२ को Revised Estimate गरी BOQ मा उल्लेख भए भन्दा वढि परिमाणको माटो व्यवस्थापन गर्न उचाई वढि भएको व्याक कटिङ्ग एरियामा राखेको नालीको काम वर्षाको समयमा पैरोआई नाली क्षेती भै लगानी खेर जाने सम्भावना रहेको र सो ठाँउमा सोही कामको वजेट कट्टा गरी माटो वोकेर फाल्ने शीर्षक र अन्य BOQ मा समावेश भएका कुन कुन आईटम हेरफेर गरी रकमान्तर गर्न मिल्छ मिल्दैन यदि मिल्छ भने के कुन आधारमा मिल्ने हो Quantity Variation स्वीकृत गर्नको लागि पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट टिप्पणी उठाई प्रमुख प्रशासकीय अधिकृतबाट आगामी कार्यपालिकाको बैठकमा पेस गर्ने गरी मिति २०८२/१/५ गतेको बैठकवाट स्वीकृत प्रदान गरिएकोमा पूर्वाधार विकास तथा भवन नियमन शाखाबाट सम्वन्धित आयोजनाको कार्यक्षेत्रमा प्रारम्भिक सर्भे गर्दा लागत अनुमान तयार गरी बोलपत्र आह्वन गर्दा व्याक कटिङ्गको उचाइ पूर्व अनुमान भन्दा वढि आउने देखिएको, चट्टान वर्गिकरण (Rock classification) पनि लागत अनुमान बमोजिमको परिमाण केहि वढ्न आउने देखिएको,स्थानीयहरुको विच समझदारी गराई स्टिमेट बमोजिमको कार्य अघि वढाउन समस्या उत्पन्न भएकोले कार्यालयले वोलपत्र आह्वन गर्दा BOQ मा राखेको Transportation and disposal of excapated soil at suitable area. को परिमाणले नपुग्ने देखिएको कारण उल्लिखित समस्याहरु सृजना भएकोले लागत पूर्वानुमानमा राखिएको पलम नाला अहिले नै व्याक कटिङ्ग गरी अत्याधिक उचाई भएको ठाउँमा गर्न नसकिने देखिएको, ठेक्का सम्झौताको कार्य अवधी नजिकिदै गर्दा कल्भर्ट र कजवय जस्ता भौतिक संरचना निर्माण गर्न कठिनाई देखिएको हुँदा उल्लिखित नालि कल्भर्ट र कजवय जस्ता भौतिक संरचनाहरुको परिमाण घटाई कार्यालयलाई आर्थिक भार नपर्ने गरी सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली,२०६४ अनुसार भेरिएशनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग ) विभिन्न आयोजनाहरुको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं. १२ ( ग )**

प्रस्ताव नं. १२ (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिकामा आ.व. २०८१/८२ मा ठेक्काबाट सञ्चालित भएका तपसिल वमोजिमका योजनाहरुका निर्माण व्यवसायीहरुले विभिन्न कारणहरु देखाई ठेक्का सम्झौतामा उल्लिखित समय सीमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकिएकोले म्याद थप गरी पाउँ भनी विभिन्न मितिमा निवेदन दर्ता गरेको हुँदा उक्त निवेदन माथि यस वैठकमा छलफल भई सो निवेदन मनासिव देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को अधिनमा रही म्याद समाप्त भएको मितिदेखि लागुहुने गरी नियमानुसार ३ महिनासम्मको लागि म्याद थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | योजनाको नाम | म्याद समाप्त हुने मिति | म्याद कायम हुने मिति |
|---|---|---|---|
| १ | बाग्दुला मच्छी सडक स्तरउन्नती (बतासेडांडा-मच्छी खण्ड), ठेक्का नं JRM/NCB/WORKS/०३/२०८१/०८२ | २०८२/२/१५ | २०८२/५/१४ |
| २ | वडा नं.७ को वडा कार्यालय भवन निर्माण ठेक्का नं JRM/NCB/WORKS/०४/२०८१/०८२ | २०८२/३/१० | २०८२/६/९ |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**विविध (घ) योजना तथा कार्यक्रम संशोधन तथा रकमान्तर सम्बन्धमा ।**

**निर्णय नं. १२(घ)**

प्रस्ताव नं १२ (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ मा सञ्चालन गर्ने गरी विनियोजन गरिएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु विविध कारणले सञ्चालन गर्न नसकिने भएको हुँदा योजना तथा कार्यक्रमहरु संशोधन गरी तपसिल बमोजिमको योजना तथा कार्यक्रमहरुमा रकम रकमान्तर गरी निर्माणको कार्य प्रकिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क.स | साविकका योजना/ कार्यक्रमको नाम | ठेगाना | रकम | क.स | हाल रकमान्तर गरिएका योजना /कार्यक्रमको नाम | रकम |
|---|---|---|---|---|---|---|
| १ | मिरखोला ददेरी झुम कुलो निर्माण | झिमरुक-६ | २,००,०००। | १ | चिसावाङ नेपाने मोटरबाटो निर्माण झिमरुक-६ | २,००,०००। |
| २ | जनता मा.वि. भौतिक पूर्वाधार निर्माण | झिमरुक-८ | १,००,०००। | २ | जनता मा.वि. सि.सि.टि भि जडान कार्यक्रम झिमरुक-८ | २,५०,०००। |
| ३ | विभिन्न खेल मैदान तारबार व्यवस्थापन | झिमरुक-८ | १,००,०००। | | | |
| ४ | ज्येष्ठ नागरिक सम्मान अन्तरक्रियां भेटघाट कार्यक्रम | झिमरुक-८ | ५०,०००। | | | |
| ५ | इस्नाकोट नुनथला .पाल्ला सिंचाई कुलो निर्माण | झिमरुक-८ | १,००,०००। | ३ | वालशिक्षा प्रा.वि. पाडेमेला भौतिक संरचना निर्माण झिमरुक-८ | १,००,०००। |
| ६ | हलहले पार्क निर्माण दिहाल्ना | झिमरुक-८ | २,००,०००। | ४ | आधारभूत स्वास्थ्य सेवा केन्द्र भौतिक संरचना निर्माण तथा मर्मत योजना | ३,२०,०००। |
| ७ | विभिन्न सीप मुलक तालिम कार्यक्रम | झिमरुक-८ | १,२०,००० । | | | |
| ८ | लोक संस्कृति सरक्षणको लागि पन्चेवाजा बजाउने तालिम सौतामारे | झिमरुक-१ | ५०,०००। | ५ | संस्कृति संरक्षणको लागि पञ्चेवाजा खरिद झिमरुक-१ | ५०,०००। |
| ९ | टोलटोलमा नागरिक सचेतना कार्यक्रम | झिमरुक-५ | ५०,०००। | ६ | जन प्रतिनिधी र कर्मचारी अवलोकन भ्रमण | ५०,०००। |
| १० | योगा तथा आयुर्वेदिक सम्वन्धी प्रशिक्षण कार्यक्रम | झिमरुक-५ | ३०,०००। | ७ | योगाको लागि सामाग्री खरिद | ३०,०००। |
| ११ | सिमचादा गडेरपानी मा.वा. मर्मत | झिमरुक-२ | १,००,०००। | ८ | काउले प्रतिक्षालय निर्माण | १,००,०००। |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | हिलेमा शिवालय मन्दिर र पार्क निर्माण | झिमरुक-२ | २,००,०००। | ९ | खानेपानी व्यवस्थापनको लागि पाईप खरिद | २,००,०००। |
| १३ | ३ वटा प्रतिक्षालय निर्माण | झिमरुक-२ | ६,००,०००। | १० | हिले पार्कमा प्रतिक्षालय निर्माण | ४,५०,०००। |
| | | | | | २ नं. वडा भित्रका सम्पूर्ण मो.वा. निर्माण | १,५०,०००। |

**विविध (ङ) सामाजिक सुरक्षा कार्यक्रम सम्वन्धमा ।**

**निर्णय नं. १२ (ङ)**

प्रस्ताव नं १२ (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रमतर्फ विनियोजित बजेट कार्यान्वयन गर्न मिति २०८१/१२/४ गते प्रकाशित १५ दिने सूचना र मिति २०८१/१२/२१ गते प्रकाशित ७ दिने सार्वजनिक सूचना मार्फत सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध हुन चाहाने किसानहरुले निवेदन पेस गर्ने सम्वन्धी सूचना वमोजिम निर्धारित समयसम्म रित पूर्वक निवेदन पेस भई यस कार्यालयमा दर्ता भएका तपसिल वमोजिमका किसानहरुलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्न र झिमरुक गाउँपालिकाको कार्यालय,भ्यागुते प्युठानलाई सूचीकृत गर्न सामाजिक सुरक्षा कोषको कार्यालय,बुटवलमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | कृषकको नाम थर | ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | शंकर पोखेल | झिमरुक-१ | ९८५७०३३५३८ | |
| २ | केशर वहादुर बस्नेत | झिमरुक-१ | ९८६०९९१०४८ | |
| ३ | प्रेम बहादुर पुन | झिमरुक-४ | ९८४७६५८४५२ | |
| ४ | नारायण बहादुर जि.सी. | झिमरुक-४ | ९८६६९१५७९४ | |
| ५ | लोक प्रसाद श्रेष्ठ | झिमरुक-६ | ९८४७८५६९४६ | |
| ६ | नारायण प्रसाद न्यौपाने | झिमरुक-७ | ९८४२९३२२२७ | |

अन्तमा आजको वैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner